प्रतिस्पर्धा संस्कार
स्वच्छ व्यापार र उपभोक्ता संरक्षणको आधार

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

# स्वच्छ प्रतिस्पर्धा

त्रैमासिक समाचारपत्र, वर्ष- १ , अंक- १, वैशाख-आषाढ २०६१

# प्रश्न कानूनको मात्र होइन, संस्कारको पनि हो

**वर्तमान विश्व अर्थ-व्यवस्थामा सबभन्दा बढी स्वीकारिएको आर्थिक पद्धति हो बजार अर्थतन्त्र । यसले प्रतिस्पर्धात्मक मूल्य कायम गर्नुका साथै स्रोतको समानुपातिक वितरणलाई सुनिश्चित गर्ने हुँदा उत्पादकदेखि उपभोक्तासम्म लाभान्वित हुन पुग्छन् ।**

तर बजार अर्थतन्त्रका यी दुवै पक्षको हितलाई समेट्दै स्वच्छ एवं प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु आफैंमा एक चुनौतिपूर्ण कार्य हो । विकासोन्मुख मुलुकहरूमा उपयुक्त बजार पद्दति नभएको परिणामस्वरुप नै आज यी मुलुकहरूमा गैर-प्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलापहरू बढिरहेको पाइन्छ ।

गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरूको प्रभाव सबभन्दा बढी उपभोक्ता तथा स्वच्छ व्यापारीमाथि पर्छ । नेपालको परिप्रेक्ष्यमा भन्दा, खुला तथा उदार अर्थ व्यवस्थाको बजारमा अपराध नै मानिने विभिन्न किसिमका व्यापारिक गठबन्धन, सिन्डिकेट प्रणाली जस्ता स्वच्छ प्रतिस्पर्धालाई नकारात्मक असर पार्ने गैर-कानूनी क्रियाकलापहरू यहाँ प्रचलित छन् । यसको ज्वलन्त उदाहरणको रुपमा व्यवसायीहरूले आफ्नो हकहित संरक्षणका नाममा दशकौंदेखि चलाउँदै आएका यातायात व्यवसायको सिण्डिकेट लगायत विभिन्न व्यापारिक संघ/संस्थाले चलाउँदै आएका नेपाल बैंकर्स संघ, कलर फोटोग्राफी संघ, ईट्टा उद्योग संघ, मदिरा उत्पादक संघ, ग्यास डिलर संघ आदिको खुलेआम गुटबन्दीलाई लिन सकिन्छ ।

बजारमा प्रचलित सबै किसिमका व्यापारिक गुटबन्दी वा गैर-प्रतिस्प्रर्धात्मक प्रवृत्ति नियन्त्रण नगरेसम्म उपभोक्ताको हित सुनिश्चित हुन सक्दैन । उत्पादकहरूले यो कुरा बुझ्नु जरुरी छ कि उपभोक्ताको हित भनेकै दीर्घकालिनरुपमा उनीहरूको आफ्नै हित हो र आफ्नै प्रतिस्पर्धी क्षमता एवं व्यवसायिक दक्षताको अभिवृद्धिका लागि प्रतिस्पर्धा एक अचुक माध्यम हो ।

नेपालमा स्वच्छ प्रतिस्पर्धात्मक बजार स्थापित हुन नसक्नुको प्रमुख कारण हो, प्रतिस्पर्धा नीति तथा कानूनको अभाव । नेपालले विश्व व्यापार संगठन (डब्ल्यूटीओ) को पूर्ण सदस्यता प्राप्त गरिसकेकाले अब अन्तर्राष्ट्रिय बजारको ढोका खुला भएको छ र अब नेपालले पनि आफ्नो आन्तरिक बजारमा स्वदेशी तथा विदेशी सेवा वा वस्तुबीच कुनै भेदभाव गर्न पाउने छैन । अन्तर्राष्ट्रिय बजारका सम्भाव्यताहरूको समुचित उपयोगका लागि पनि स्वच्छ प्रतिस्पर्धात्मक वातावरणको सुनिश्चितता पहिलो शर्त हुनेछ ।

यो तथ्यलाई बुझेर नै हालसम्म डब्ल्यूटीओ सदस्य भएका १ सय ४७ मुलुकमध्ये ८६ वटाले प्रतिस्पर्धा कानून लागू गरिसकेका छन् भने अन्य धेरै मुलुक प्रतिस्पर्धा कानून तर्जुमा गर्ने वा यसलाई समयसापेक्ष बनाउने क्रममा छन् । नेपालमा पनि प्रतिस्पर्धा कानून तर्जुमा गर्न आन्तरिक गृहकार्यस्वरूप श्री ५ को सरकारले सरोकारवालाहरूसँग परामर्श गरी कानूनको मस्यौदालाई अन्तिम रुप दिने कार्य गरिरहेको छ ।

तर प्रतिस्पर्धा नीति तथा कानूनको निर्माणबाट मात्र प्रतिस्पर्धात्मक वातावरण कायम हुन्छ भनी ठोकुवा गर्न सकिंदैन । आजसम्मको नेपालको बजार स्थिति अध्ययन गर्ने हो भने बजारमा प्रचलित गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरू नियन्त्रण गर्ने उद्देश्यले थुप्रै कानूनहरू निर्माण भएको देखिन्छ । तर सरकारी निकायको प्रतिबद्धताको अभावमा हालसम्म यी कुनै पनि कानून प्रभावकारीरुपमा कार्यान्वयन हुन सकेका छैनन् । यातायात व्यवसायीको सिन्डिकेट खारेज गर्न मन्त्रीपरिषद्ले नै निर्णय गर्दा पनि कार्यान्वयन हुन नसकेको तथ्यले यसलाई पुष्टि गर्छ ।

**प्रतिस्पर्धा नीति तथा कानूनको निर्माणबाट मात्र प्रतिस्पर्धात्मक वातावरण कायम हुन्छ भनी ठोकुवा गर्न सकिंदैन ।**

प्रतिस्पर्धा नीति तथा कानूनको सफल कार्यान्वयनको अर्को महत्वपूर्ण पक्ष हो सम्बन्धित सरोकारवालाहरूमा प्रतिस्पर्धात्मक संस्कारको विकास । जबसम्म उत्पादक, उपभोक्ता लगायत उपभोक्ता संघ/संस्था, सरकारी कर्मचारी र नागरिक समाजमा प्रतिस्पर्धा जागरण तथा चेतनाको विकास हुँदैन तबसम्म कानून जतिसुकै राम्रो भए पनि यसको सफल कार्यान्वयन हुन सक्दैन । शिक्षित उपभोक्ताहरू एवं उनीहरूको संगठित आवाजको अभावमा बजारमा गैर-प्रतिस्पर्धात्मक कार्यहरू भइरहेका छन् । हामीले जतिसुकै प्रतिस्पर्धाको कुरा गरे पनि, जतिसुकै बलियो कानून तर्जुमा गरे पनि सम्बन्धित सरोकारवालाहरू सचेत, शिक्षित र प्रतिबद्ध नभएसम्म तथा उनीहरूमा प्रतिस्पर्धाको संस्कार विकास नभएसम्म यसको सफल कार्यान्वयन सम्भव छैन । यसका लागि उपभोक्ता शिक्षा तथा प्रतिस्पर्धा संस्कार जस्ता विषयहरूलाई विद्यालयको पाठ्यक्रममै समावेश गर्ने, विभिन्न तहमा यससम्बन्धी जानकारी एवं चेतनामूलक कार्यक्रम सञ्चालन गरी व्यापक जनजागरण गराउनेतर्फ सोच बनाउनुपर्ने देखिन्छ ।




## यसभित्र

सार समाचार २-३
सार्क राष्ट्रमा प्रतिस्पर्धा कानून ४
नेपालमा प्रतिस्पर्धा कानून कस्तो हुनुपर्छ ? ५
प्रतिस्पर्धा कानून: एक विवेचना ६
प्रतिस्पर्धा शिक्षण तथा जागरण कार्यक्रम ७
एउटाको नाममा अर्को सिलिन्डर ८

## दूरसञ्चार प्रतिस्पर्धा
## सबैखाले टेलिफोन सेवा निजी क्षेत्रका लागि खुला

सरकारले सबै प्रकारका दूरसञ्चार सेवा निजी क्षेत्रका लागि खुला गरेको छ । लगानीकर्ताले अब सामान्य टेलिफोन, डब्लूएलएल, मोबाइल लगायतका अन्य सबै प्रविधिका दूर सञ्चार सेवामा निर्वाध प्रवेश गर्न पाउनेछन् । मन्त्रिपरिषद्ले फागुनको अन्तिम साता पारित गरेको दूर सञ्चार नीति, २०६० ले यस्तो व्यवस्था गरेको हो । दूरसञ्चार क्षेत्रलाई उदार बनाउन ल्याइएको यो नीतिले विभिन्न कम्पनीबीच प्रतिस्पर्धा गराएर सेवाको उपयोग बढाउने र मूल्यमा कमी आउने गर्ने वातावरण बनाएको छ ।

सरकारले कुनै एउटा प्रविधिको टेलिफोन सेवामा एउटै कम्पनीलाई मात्र अनुमति दिँदै आएको थियो । यसबाट प्रतिस्पर्धा हुन नसकेकाले फोन तथा मोबाइलजस्ता आधार-भूत अत्याधुनिक सञ्चार सेवा आम उपभोक्तासम्म पुगेका छैनन् । कुनै एक कम्पनीलाई निश्चित अवधिका लागि मात्र अनुमति दिने प्रचलनले कम समयमै बढी प्रतिफल लिन उच्च मूल्य तोक्ने परिपाटी थियो । दूरसञ्चार सेवालाई प्रतिस्पर्धी बनाउन सरकारले दूरसञ्चार संस्थानलाई कम्पनीमा परिणत गर्ने निर्णयसमेत गरेको छ, जसअनुसार २०६१ साल वैशाख १ गतेदेखि यो कम्पनीमा परिणत भइसकेको छ । निजी क्षेत्रलाई आकर्षित गर्न अनुमति शुल्क र दूरसञ्चार सेवा प्रदायकबाट लिँदै आएको कर कटौती गर्ने व्यवस्थासमेत नयाँ नीतिले गरेको छ । लाइसेन्स जारी गर्दा बढी शुल्क उठाउने पुरानो व्यवस्थासमेत यो नीतिले हटाएको छ । यसबाट सरकारको राजस्व असुलीमा केही प्रभाव परे पनि धेरै कम्पनीले यो सेवामा हात हाल्ने हुँदा राजस्वमा पर्नसक्ने क्षति स्वत: पूर्ति हुने अनुमान गरिएको छ ।

यो नीति कार्यान्वयनका लागि नियमावली बनाउने काम सुरु भइसकेको प्राधिकरणले जनाएको छ । त्यस्तै, नीतिमा गाउँमा टेलिफोन पुऱ्याउन ग्रामीण दूरसञ्चार कोष स्थापना गर्ने व्यवस्था छ । गाउँमा सेवा सञ्चालन गर्ने उद्यमीलाई प्रोत्साहित गर्न २० लाख रुपैयाँभन्दा कम आय भएका सेवा प्रदायकलाई अनुमति दस्तुर तथा वार्षिक दस्तुर छुट दिइनेछ ।

दूरसञ्चार ऐन २०५३ सालमा आएको थियो । यो ऐन आएको ३ वर्षपछि मात्र दूरसञ्चार नीति, २०५६ ल्याइएको थियो । तर यसको प्रभावकारी कार्यान्वयन हुन सकेन । तसर्थ सरकारले दूरसञ्चार योजना, ऐन र नियमलाई समयानुकूल र प्रभावकारी बनाउन दुरसञ्चार नीति, २०५६ लाई विस्थापित गरी विश्व बैंकको सहयोगमा दुरसञ्चार नीति, २०६० ल्याएको हो ।

**दूरसञ्चार क्षेत्रलाई उदार बनाउन ल्याइएको यो नीतिले विभिन्न कम्पनी बीच प्रतिस्पर्धा गराएर सेवाको उपयोग बढाउने र मूल्य कटौती गर्ने वातावरण बनाएको छ ।**



## माग्नेबित्तिकै टेलिफोन




वर्षौंअघि टेलिफोनको लागि आवेदन दिएर प्रतीक्षामा रहेकाहरू हामीकहाँ थुप्रै छन् । फोन नभई-नहुनेहरू जतिसुकै मूल्य तिर्न तयार भएर बसेका भेटिन्छन् । तर, यसलाई प्रतिस्पर्धाकै परिणाम मान्नुपर्छ, नेपाल दूरसञ्चार संस्थान, ग्राहकले माग्नेबित्तिकै टेलिफोन उपलब्ध गराउन कम्मर कसेर लागेको छ । संस्थानले थालेको क्षमता अभिवृद्धिको यो प्रयासलाई डब्लूएलएलले दिएको दह्रो प्रतिस्पर्धासँग जोडेर हेर्न सकिन्छ ।

संस्थानले २०६१ साल चैत मसान्तसम्म काठमाडौं उपत्यकाका शहरी, अर्धशहरी र ग्रामीण क्षेत्रसम्म माग्नेबित्तिकै फोन दिने लक्ष्य लिएको छ । विश्व दूर-संचारमा भएको विकास र स्वदेशभित्रको बदलिदो परिस्थिति अनुसार ताररहित प्रविधिको प्रयोगबाट यो लक्ष्य हासिल गर्ने कुरा संस्थानले जनाएको छ । यही लक्ष्यअनुसार २०६२ सालदेखि क्रमिक रुपमा उपत्यका बाहिरका जिल्लाहरूमा पनि माग्नेबित्तिकै टेलिफोन उपलब्ध गराउने र ७५ वटै जिल्ला सदरमुकाम तथा राजमार्गमा सेलुलर मोबाइल फोन विस्तार गरिने छ । दशौं योजनाको बाँकी अवधिमा मागअनुसार टेलिफोन पुऱ्याउन १२ लाख ५० हजार साधारण फोन र ४ लाख ५० हजार मोबाइल बाँड्ने लक्ष्य राखिएको छ । डेढ वर्षअघि शुरु भएको दशौं योजनाको लक्ष्य ८ लाख ५० हजार साधारण टेलिफोन र १ लाख ७० हजार मोबाइल फोन पुऱ्याउने छ ।

स्रोत : कान्तिपुर दैनिक

## बोत्स्वानामा प्रतिस्पर्धा नीति

बोत्स्वानाले बजार प्रतिस्पर्धा सुनिश्चित गर्दै आर्थिक दक्षताको अभिवृद्धि तथा उपभोक्ता हित प्रवर्द्धनका लागि प्रतिस्पर्धा नीति लागू गर्ने भएको छ । यस नीतिलाई प्रतिस्पर्धा कानूनको मस्यौदा तयार पार्ने आधारका रुपमा उपयोग गरिनेछ, जसले दक्षिण अफ्रिकी विकास समुदाय क्षेत्रभित्र बजार प्रतिस्पर्धा विस्तार गर्न सघाउ पुऱ्याउने आशा सम्बद्ध अधिकारीले लिएका छन् । दक्षिण अफ्रिकी समुदाय संघको सम्झौतामा पनि प्रत्येक सदस्य राष्ट्रले आ-आफ्नो प्रतिस्पर्धा नीति लागू गर्ने उल्लेख छ । गेबोरनमा आयोजित प्रतिस्पर्धा नीतिसम्बन्धी एक कार्यशालामा बोत्स्वानाका उद्योग तथा वाणिज्य मन्त्री जेकोब निकाटेले प्रतिस्पर्धा नीति कार्यान्वयनपछि यस क्षेत्रमा प्रचलित अन्तर-देशीय गैर-प्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलापहरू नियन्त्रणमा सघाउ पुग्ने धारणा व्यक्त गर्नुभयो । बदलिंदो विश्व अर्थ-व्यवस्था र प्रतिस्पर्धाको गतिसँग मिल्दोजुल्दो नीति र कानूनको बोत्स्वानालाई खाँचो रहेको कुरा पनि मन्त्री जेकोबले बताउनुभयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारीहरूको गुटबन्दी (कार्टेल) र बजार एकाधिकारसँग सम्बन्धित समस्या निराकरण गरी आन्तरिक व्यापार अभिवृद्धि गर्न यो नीतिले सघाउ पुऱ्याउने विश्वास लिइएको छ । अत्यावश्यक सेवाहरूको सरल र स्तरीय आपूर्ति तथा उपभोक्ताको सशक्तिकरणमा समेत यस नीतिलाई महत्वपूर्णरुपमा हेरिएको छ । प्रस्तावित प्रतिस्पर्धा कानूनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संस्थागत संरचनाको समेत यसमा व्यवस्था गरिएको छ ।

स्रोत : डेलिन्युज, अनलाइन संस्करण

## सिंगापुरमा नयाँ प्रतिस्पर्धा कानून

सिंगापुरले प्रतिस्पर्धा कानूनको मस्यौदा तयार पारी त्यसलाई सरोकारवालाको सुझावका लागि सन् २००४ अप्रिल १२ तारिखदेखि व्यापार तथा उद्योग मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरेको छ। संयुक्तराज्य अमेरिकासँगको स्वतन्त्र व्यापार सम्झौताअनुसार सिंगापुरले सन् २००५ सम्ममा प्रतिस्पर्धा कानून लागू गरिसक्नु पर्नेछ। नयाँ प्रतिस्पर्धा कानून तर्जुमाका लागि अष्ट्रेलिया, क्यानाडा, आयरल्यान्ड, भारत, बेलायत र अमेरिकाको प्रतिस्पर्धा कानूनको अध्ययन गरिएका थिए। तथापी यस मस्यौदाको मूख्य आधार भने बेलायती कानून नै हो भन्ने विचार प्रतिस्पर्धा कानूनसम्बन्धी परामर्शदाता एवं व्यापार तथा उद्योग मन्त्रालय, आर्थिक महाशाखाका प्रमुख अर्थशास्त्री इवान म्याक इविनले व्यक्त गर्नु भएको छ।

बेलायती कानूनको तुलनामा यस मस्यौदामा बजार शक्ति दुरुपयोगको प्रावधानमा भने सामान्य भिन्नता रहेको छ साथै 'अनुचित' मूल्यको सट्टा 'प्रतिस्पर्धी उत्पादनको तुलनामा मूल्य घटाउने' नयाँ प्रावधान समावेश गरिएको छ। गैर-प्रतिस्पर्धात्मक प्रवृत्तिका लागि तोकिएको जरिवाना भने बेलायतसँग समान छ। बिना आधार कसैलाई आरोप लगाउनु हुन्न भन्ने तर्कमा यो कानून आधारित छ। कानूनको कार्यान्वयन सिंगापुर प्रतिस्पर्धा आयोगले गर्नेछ, जसमा अध्यक्षलगायतका २ देखि १६ जना सदस्यहरू रहनेछन्। हालसम्म सिंगापुरले बजार प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न क्षेत्र-विशेष कानूनहरू मात्र लागू गर्दै आएको थियो। यस्ता कानून दूर-सञ्चार, ग्यास र विद्युत् उद्योगहरूमा लागू भइरहेका थिए। तर सिंगापुरको बढ्दो आर्थिक वृद्धिसँग क्षेत्रगत कानूनले मात्र समग्र मुद्दाहरूलाई सम्बोधन गर्न नसक्ने हुँदा नयाँ कानून तर्जुमा गरिएको हो।

स्रोत : ग्लोबल कम्पिटिसन रिभ्यू



## च्यानलको लहर

वर्षौंदेखि सरकारी स्वामित्वमा सञ्चालित नेपाल टेलिभिजनका एकै प्रकृतिका कार्यक्रम हेर्दै आएका दर्शकका लागि त्यो पल साच्चै रोमाञ्चकारी थियो। सरकारी टेलिभिजनको समाचारपछि हिन्दी वा अंग्रेजी च्यानल हेर्नुपर्ने बाध्यताबाट मुक्ति पाएको दिन थियो २०६० असार २९ गते।

२०६० सालमा एउटा यस्तो दिन आयो, जब दुई स्वदेशी च्यानलले नेपाली आकाशमा प्रवेश गरे। कान्तिपुर टेलिभिजन नेटवर्कको उद्घाटन भएको खबर सुनेर टिभी सेटमा त्यसका तरङ्ग खोजिरहेका राजधानीवासीले त्यसै दिन अर्को च्यानल इमेज मेट्रो उद्घाटन हुँदै गरेको सुखद दृष्य देख्न पाए।

सरकारी स्वामित्वकै भए पनि एनटिभी मेट्रो यसै वर्ष सुरु भयो। नयाँ दिल्लीबाट प्रसारित नेपाली भाषाको नेपाल वन स्याटलाइट च्यानलका तरङ्ग पनि स्वदेशमा भित्रिए। केही वर्षअघिदेखि प्रसारण भइरहेको च्यानल नेपालसमेतले गर्दा यस वर्ष नेपाली च्यानलको संख्या ६ पुगेको छ। ती कान्तिपुर, नेपाल टेलिभिजन, एनटिभी मेट्रो, च्यानल नेपाल, नेपाल वन र इमेज मेट्रो हुन्। यसमध्ये नेपाल वनबाहेक अरु सबै काठमाडौंबाट सिधै प्रसारण हुन्छन्। स्वदेशी च्यानलहरूको यो प्रतिस्पर्धाले उपभोक्ताले छनौटको उपयुक्त अवसर पाएका छन्।

टेलिभिजनमात्र होइन, एफएम रेडियोमा पनि २०६० सालमा धेरै प्रगति भएको छ। सरकारले २०५५ सालदेखि एफएम रेडियोलाई अनुमती दिए पनि २०५९ को अन्तसम्म २३ वटा मात्र सञ्चालनमा थिए। २०६० सालमा आएर ३३ वटा नयाँ एफएम थपिएका छन्। यसमध्ये अधिकांश एफएमले बिहानैदेखि समाचार दिन्छन्। काठमाडौं बाहिरका एफएमले पनि राजधानीमा सम्पर्क गरेर बिहान ६ बजेदेखि नै समाचार सुनाउन थाल्छन्। यसबाहेक मनोरन्जन कार्यक्रमसमेत भरपूर पस्किरहेका छन् यी एफएमहरूले। समुदायको विकासमा समेत एफएमको प्रयोग अत्याधिक हुन थालेको छ। अहिले समाजमा चेतना फैलाउन विभिन्न गैरसरकारी संस्थाले एफएम खोल्न थालेका छन्। बढ्दो टेलिभिजन च्यानल र एफएमसँगै घर घरमा सबै च्यानलका तरङ्ग पुऱ्याउने केवल अपरेटरको संख्यासमेत निकै बढेको छ। गत वर्ष ८० वटा केवल अपरेटरले सूचना तथा सञ्चार मन्त्रालयबाट अनुमति लिएका छन्। त्यसमध्ये ७० भन्दा बढीले सेवा सुरु गरिसकेका छन्। अघिल्लो वर्ष २५ केवल अपरेटरले यस्तो अनुमति लिएका थिए।

स्रोत : कान्तिपुर दैनिक

## भियतनाम स्वच्छ प्रतिस्पर्धाको बाटोमा

भियतनामको वाणिज्य मन्त्रालयले प्रतिस्पर्धा कानूनको मस्यौदा तयार पार्ने प्रक्रिया शुरु गरेको छ। देशमा विद्यमान गैर-प्रतिस्पर्धात्मक व्यापार पद्दतिको अन्त्य गर्दै स्वच्छ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने उद्देश्यले भियतनामले उक्त कानून तयार पार्न लागेको हो।

मन्त्रालयले स्थानीय तथा विदेशी विज्ञहरूको राय संकलन गरी मस्यौदालाई अन्तिम रुप दिन नियमित गोष्ठी तथा अन्तर्क्रिया गर्दै आएको छ। यस सिलसिलामा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) र व्यापार तथा विकासका लागि राष्ट्रसंघीय सम्मेलन (अङ्टाड) को सहयोगमा वाणिज्य मन्त्रालयद्वारा हानोई र होचिमिन्ह शहरमा विभिन्न अन्तर्क्रिया तथा गोष्ठीको आयोजना भएका छन्।

गोष्ठीमा नीति-निर्माता, उद्यमी व्यवसायी, अन्तर्राष्ट्रिय विज्ञ तथा दातृ समुदायका प्रतिनिधिहरूबाट प्रतिस्पर्धा कानूनको मस्यौदा र त्यसको कार्यान्वयन पक्षबारे सुझाव संकलन गरिएको थियो। 'प्रतिस्पर्धा कानूनले भियतनाममा प्रचलित गैर-प्रतिस्पर्धात्मक व्यापार पद्दति अन्त्य गर्दै स्वच्छ व्यवसायिक वातावरण तयार पार्न मद्दत गर्नेछ', होचिमिन्ह शहरमा आयोजित एक अन्तर्क्रियामा सहायक वाणिज्य मन्त्री डा. लेडानभिन्ले भनेका छन्। त्यस्तै, यूएनडीपीका आवासीय प्रतिनिधि जोर्डन रायनले भियतनामको आर्थिक विकासका लागि यो कानून महत्वपूर्ण भएको बताएका छन्। 'देशमा प्रभावकारी व्यापार पद्दतिको शुरुआत गर्न प्रतिस्पर्धा कानून कोसेढुंगा साबित हुनेछ', उनको धारणा छ।

यो कानून व्यवसायिक व्यवस्थापन, प्रत्यक्ष वैदेशिक लगानी रणनीति तथा सरकारी स्वामित्वका संस्थानहरूको सुधारसम्बन्धी मुद्दामा समेत केन्द्रित हुने विज्ञहरूले बताएका छन्। प्रभावकारी प्रतिस्पर्धा कानूनले कर्पोरेट शासनसम्बन्धी मुद्दालाई पनि सम्बोधन गर्नेछ। उच्च दरको आर्थिक वृद्धि र दीगो विकासका लागि समेत स्वच्छ प्रतिस्पर्धा अपरिहार्य भएको विज्ञहरूको धारणा छ। हानोई र होचिमिन्ह शहरमा आयोजित कार्यशाला गोष्ठीमा सहभागीहरूले भियतनाममा प्रचलित गैर-प्रतिस्पर्धात्मक व्यापार पद्दति पहिचान गर्नुका साथै प्रतिस्पर्धा कानूनले यसको अन्त्य कसरी गर्नसक्छ भनी छलफल गरेका थिए।

स्रोत : एजेन्सी

# सार्क राष्ट्रमा प्रतिस्पर्धा कानून

डा.रामकृष्ण तिमल्सेना



प्रतिस्पर्धा कानून तथा नीति सम्बन्धमा दक्षिण एसियाली देशको अनुभव त्यति लामो छैन । राज्यद्वारा सेवा सञ्चालन र व्यवस्था गर्ने प्रचलन हुँदा प्रतिस्पर्धा कानून विकास नभएको हुनसक्छ । तर, विश्वव्यापीकरणको प्रभाव, व्यापार उदारीकरण, विकासोन्मुख आर्थिक व्यवस्था, प्रविधिको विकास, विश्व व्यापार संगठन (डब्ल्यूटीओ) को प्रभाव, नवउदारवादी दर्शनमा आधारित बजार व्यवस्थालगायतका कारणले आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक एवं ऐतिहासिक परिप्रेक्ष्यसमेत विचार गरी दक्षिण एसियाली राष्ट्रहरूमा प्रतिस्पर्धा नीति र कानून तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने सोच भने अघि बढेको देखिन्छ जसको यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

**बंगलादेश:** बंगलादेशमा अहिलेसम्म प्रतिस्पर्धा कानून नबनेको भए पनि यसको आवश्यकता भने महसुस गरिएको छ । १९९० पछि संरचनात्मक सुधारसम्बन्धी कार्यक्रम प्रारम्भ भएपछि बैंकिङ्ग क्षेत्रको ब्याजदरमा खुकूलोपन आएको छ, जसले लगानीको क्षेत्र र ब्याजदर निर्धारण गर्न तथा आफ्नो निक्षेपको मात्रा तय गर्न बैंकहरू स्वतन्त्र भएका छन् । तर, अझै पनि प्रतिस्पर्धात्मक बजारले भन्दा मिलोमतोपूर्ण मूल्य निर्धारण पद्दतिले स्थान पाएको देखिन्छ । कतिपय वस्तु तथा सेवाहरू अद्यपि राज्यको नियन्त्रणमा रहेका छन् । दूरसञ्चार नियन्त्रण आयोग स्थापना गरिएको भए पनि राज्यको एकाधिकारबाट उपभोक्ता स्वतन्त्र भने हुन सकेका छैनन् ।

**भुटान:** भुटानमा पनि प्रतिस्पर्धा कानूनको अभाव छ । आफ्नो औद्योगिक आधारशिला नभएको भुटानमा एकाध डिलरले व्यापारमा एकाधिकार प्रयोग गर्ने गरेको देखिन्छ। तर, भुटानी सरकारले सन् १९९२ पछि एकाधिकार अन्त्य गर्ने नीति लिँदै ठूलो व्यापारमा एकभन्दा बढीले डिलर लिने व्यवस्था मिलाएको छ । दूरसञ्चारको क्षेत्रमा प्रतिस्पर्धा भित्र्याउने उद्देश्यले दूरसञ्चार ऐन, १९९९ जारी गरिएको छ । भुटानले हालैमात्र उपभोक्ता संरक्षण ऐनको मस्यौदा प्रस्ताव गरेको छ, जसमा उपभोक्ता कल्याण परिषद्को व्यवस्था गरी यसको कार्यान्वयन गर्ने जिम्मा 'स्वच्छ व्यापार आयोग' लाई दिने व्यवस्था मिलाइएको छ ।

**भारत:** भारतमा सन् १९६९ मा एकाधिकार, सम्पत्ति तथा आर्थिक केन्द्रीकरण प्रतिबन्धित व्यापारिक अभ्यास र अस्वच्छ व्यापारिक क्रियाकलापहरू रोक्न एकाधिकार र निषेधित व्यापारिक अभ्यास ऐन, १९६९ (MRTPA) आइसकेको थियो । पछि उपभोक्ता संरक्षण ऐन, १९८६ पनि कार्यान्वयनमा ल्याइयो । दक्षिण एसियाको प्रतिस्पर्धा कानूनको इतिहासमा भारतको एकाधिकार र निषेधित व्यापारिक अभ्यास ऐनलाई प्रथम विधानको रुपमा लिन सकिन्छ। सन् १९८४ र १९९१ मा यसमा व्यापक संशोधन गरी भारतले अंगिकार गरेको आर्थिक उदारीकरणलाई उचित स्थान दिइए पनि त्यसमा अझै संशोधन गर्ने उद्धेश्यले सन् १९९९ मा प्रतिस्पर्धा नीति निर्धारण गर्न एक उच्च स्तरीय कमिटी गठन गरियो । उक्त कमिटीको सिफारिसको आधारमा सन् २००१ मा प्रतिस्पर्धा कानून लागू भइसकेको छ । यो कानूनले प्रतिस्पर्धामा अनुचित नियन्त्रण लगाउने तथा प्रभुत्वशाली हैसियतको फाइदा उठाउन नपाउने गरी रोक लगाएको छ। भारतमा हाल भारतीय दूरसञ्चार नियन्त्रण प्राधिकरण, केन्द्रिय विद्युत नियन्त्रण आयोग, भारतीय सेक्यूरिटिज एण्ड एक्सचेन्ज बोर्ड र भारतीय रिजर्भ बैंकजस्ता नियमन आयोगको व्यवस्था गरिएको छ ।

**पाकिस्तान:** पाकिस्तानमा सन् १९७१ मा एकाधिकार र निषेधित व्यापारिक अभ्यास (नियन्त्रण र रोकथाम) अध्यादेश जारी भएको थियो। यसले आर्थिक शक्तिको केन्द्रीकरण, एकाधिकार र निषेधित व्यापारमा रोक लगाउने प्रावधान राख्नुका साथै निजी व्यवसायमा पुँजीको सीमा तोकेको छ । यहाँ पनि राष्ट्रिय विद्युत् प्राधिकरण, पाकिस्तान दूरसञ्चार प्राधिकरणजस्ता सेवासम्बन्धी विभिन्न नियमन आयोगहरू विद्यमान छन् ।

**श्रीलंका:** श्रीलंकाले सन् १९८७ मा फेयर ट्रेडिंग एक्ट पारित गरी स्वस्थ व्यापारका लागि एकाधिकार तथा प्रतिस्पर्धा विरोधी गतिविधिमा नियन्त्रण लगाउने प्रयास गरेको छ। दूरसञ्चार क्षेत्रमा मात्र प्रतिस्पर्धा नियमित गर्ने आयोगको व्यवस्था गरिएको छ तर अन्य सेवा क्षेत्र भने त्यति नियमित छैन । हाल श्रीलंकामा भारतको जस्तै नयाँ प्रतिस्पर्धा कानून ल्याउने तयारी भइरहेको छ ।

**मालदिभ्स:** मालदिभ्समा हालसम्म कुनै किसिमको प्रतिस्पर्धा कानून लागू भएको छैन ।

**नेपाल:** नेपालमा प्रतिस्पर्धा कानून बारे हालैका दिनमा चासो बढेको देखिन्छ। यससँग सम्बन्धित कानूनहरूको इतिहास हेर्ने हो भने २०१७ सालमै बनेको आवश्यक पदार्थ नियन्त्रण ऐनदेखि २०५४ सालमा आएको उपभोक्ता संरक्षण ऐन लगायतका करिब डेढ दर्जन कानूनमा प्रतिस्पर्धा तथा उपभोक्ता हितसम्बन्धी प्रावधानहरू प्रत्यक्ष वा अप्रत्यक्षरुपमा परेका पाइन्छन् । तर, यी सबै कानूनहरूको कार्यान्वयन फितलो भएको कारण अद्यपी नेपालमा प्रतिस्पर्धालाई प्रत्यक्षरुपमा असर पार्ने किसिमका गैर-प्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलापहरू नियन्त्रण हुन सकेका छैनन् । अहिलेसम्म पनि सार्वजनिक सेवाका क्षेत्रमा सरकार वा सार्वजनिक एकाधिकार कायमै रहेको देखिन्छ। नेपाल दूरसञ्चार प्राधिकरण, विद्युत विकास बोर्ड जस्ता नियमन निकाय स्थापना भए पनि अपेक्षित सुधार हुन सकेको छैन । त्यसैले, यो कुरालाई महसुस गर्दै नेपालमा पनि श्री ५ को सरकारले स्वच्छ प्रतिस्पर्धा कानूनको मस्यौदा तयार पारी सरोकारवालासँग छलफल प्रारम्भ गरिसकेको छ ।

लेखक सर्वोच्च अदालतका सह-रजिष्ट्रार हुनुहुन्छ ।

# नेपालमा प्रतिस्पर्धा कानून कस्तो हुनुपर्छ ?

रत्नाकर अधिकारी

विश्व व्यापार संगठन (डब्ल्यूटीओ) को पूर्ण सदस्यता प्राप्त गरिसकेको सन्दर्भमा पनि उपभोक्ता र स्वच्छ उद्यमी तथा व्यवसायीलाई संरक्षण गर्न नेपालले प्रतिस्पर्धा नीति तथा कानून तत्कालै अवलम्बन गर्नुपर्ने देखिन्छ । यसका लागि सरकारले कानून निर्माणको तयारी पनि गरिरहेकै छ । तर कानून तर्जुमा हुनु मात्रै उपलब्धिमूलक कुरा होइन । त्यसको सफल कार्यान्वयन प्रमुख मुद्दा हो ।

कानूनको सफल कार्यान्वयनका उपायहरू कानून निर्माण भएपछि सोच्नु भन्दा निर्माणकै क्रममा सोच्न सके त्यसबाट सबैलाई फाइदा पुग्न सक्दछ। यसका लागि सबैपक्षको विचार समेट्ने, मुलुकको परिवेशहरूसँग मिल्दोजुल्दो र प्रचलित समस्यालाई निराकरण गर्नसक्ने कानून आवश्यक हुने हुँदा यो लेखलाई कस्तो प्रतिस्पर्धा कानून बनाएमा सबै पक्षको हित हुनेछ भन्ने विषयमा केन्द्रित गरिएको छ ।

गैर-कानूनी कार्य भइसकेपछि कानूनी उपचार खोज्दा उपभोक्तालाई मात्र नभई राष्ट्रलाई समेत ठूलो क्षति हुने भएकाले त्यस्ता घटना हुनै नदिने हेतुले कानून निर्माण गर्नु बुद्धिमानी हुन्छ। यसका लागि व्यवसायिक संगठनहरूको गतिविधि निगरानी गर्न सम्पूर्ण व्यवसायिक संगठनले प्रतिस्पर्धा आयोगसमक्ष दर्ता गराउनै पर्ने र ऐनका प्रावधानहरू पालना नगर्नेलाई हदैसम्मको दण्ड एवं जरिवाना गर्ने कानूनी व्यवस्था हुनुपर्छ । प्रतिस्पर्धाको संस्कार विकास गर्न प्रतिस्पर्धा शिक्षा, वकालत एवं जनचेतना प्रवाह गर्नुपर्ने बाध्यात्मक व्यवस्था कानूनले गर्नुपर्छ।

डब्ल्यूटीओको सदस्यता प्राप्त गरेपछि विदेशबाट नयाँ लगानीमात्र आउँछ भन्ने आशा गर्न सकिँदैन, यस्ता लगानी प्राप्ति वा विलयका माध्यमबाट पनि आउन सक्छन् । त्यसैगरी, देशभित्रै पनि सक्षमता अभिवृद्धिका लागि प्रतिस्पर्धी व्यापारिक प्रतिष्ठानहरू एक-अर्कासँग गाभिने वा विलय हुने कार्यले थप गतिशीलता प्राप्त गर्न सक्छ । दुई वा त्योभन्दा बढी प्रतिस्पर्धी गाभिने वा विलय हुने कार्यले प्रतिस्पर्धामा कमी आउने र नयाँ कम्पनीको बजार शक्ति वृद्धि हुने सम्भावना रहन्छ। त्यसैले यस्ता कार्यलाई निगरानी गर्न र आवश्यक परे रोक लगाउन प्रतिस्पर्धा कानूनमा स्पष्ट व्यवस्था हुनुपर्छ।

व्यापारिक गठबन्धन, मिलोमतोपूर्ण ठेक्का, सिन्डिकेट प्रणाली, मिश्रित बिक्री, पुनर्बिक्री मूल्य निर्धारण, मूल्यमा भेदभाव, दुराशयपूर्ण मूल्य निर्धारण लगायत सबै किसिमका व्यापारिक क्रियाकलापहरूले उपभोक्ताको छनौटको अवसर कुण्ठित पार्ने र अस्वच्छ प्रतिस्पर्धालाई प्रश्रय दिने भएकाले यस्ता क्रियाकलापहरूलाई कानूनले नै गैर-कानूनी घोषित गरी नियन्त्रणका प्रावधान समेत उल्लेख गर्नु आवश्यक छ।

मुलुकका सबै क्षेत्रलाई प्रतिस्पर्धा कानूनको परिधिभित्र ल्याउँदा केही उद्योगहरू धरासायी हुने सम्भावना भएकाले केही क्षेत्रलाई निश्चित अवधिका लागि कानूनको दायराभन्दा बाहिर राख्नुपर्छ। त्यसैगरी, प्राप्ति र विलयको मापदण्ड तयार गर्दा वा अनुसन्धान शुरू गर्दा बजारमा कुन तहसम्म हिस्सा भएको कम्पनीलाई प्रभुत्वशाली हैसियत भएको मान्ने भन्ने विषयमा ऐनमै स्पष्ट गरिनु पर्दछ। बजारको हिस्सा ठूलो हुँदैमा त्यो कम्पनी गैर-प्रतिस्पर्धात्मक गतिविधिमा संलग्न भइहाल्छ भन्ने पारम्परिक सोचले औद्योगिक विकासमा नकारात्मक असर पार्न सक्दछ भन्ने तर्फ पनि दृष्टि पुऱ्याइनुपर्छ।

जबसम्म कुनै निकाय राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त हुन सक्दैन, तबसम्म त्यो निकायले प्रभावकारीरुपमा काम गर्न सक्दैन । त्यसैले, अर्ध-न्यायिक अधिकार र सरकारप्रति उत्तरदायी नरहने स्वायत्त, स्वच्छ एवं निष्पक्ष प्रतिस्पर्धा आयोग गठन गरी त्यसलाई संसदको सार्वजनिक लेखा समितिप्रति उत्तरदायी बनाउनु उचित देखिन्छ ।

यसका साथै जबसम्म आयोग आर्थिक रूपमा पूर्णरूपमा सरकारी बजेटमा निर्भर रहन्छ तबसम्म यसको स्वायत्ततामा नकारात्मक असर पर्नसक्ने हुँदा सरकारी बजेटमा न्यूनतम रुपमा मात्र भर पर्ने व्यवस्था ऐनमै गराउनु पर्दछ । आयोगलाई वित्तीयरुपमा स्वायत्त तुल्याउन दातृ निकायबाट सोझै आर्थिक सहयोग जुटाउने, प्रतिस्पर्धासम्बन्धी विभिन्न सामग्री प्रकाशित गरी बिक्री गर्ने र अपराधमा संलग्न पक्षबाट दण्ड-जरिवाना असुल गरी प्रयोग गर्नसक्ने अधिकार ऐनले प्रदान गरिनुपर्छ। यसका अतिरिक्त एउटा व्यापारिक पक्षले अर्को पक्षको गैर-कानूनी कार्यका सम्बन्धमा उजुरी गर्दा निश्चित धरौटी बुझाउनुपर्ने र झुट्टा ठहरे धरौटी जफत हुने व्यवस्था गरिएमा आयोगको आर्थिक स्रोतमा योगदान पुग्ने र प्रतिस्पर्धीलाई दुःख दिने नियतले गरिने उजुरीमा समेत कमी आउने देखिन्छ।

प्रतिस्पर्धा आयोगले गरेका सबै निर्णय शत् प्रतिशत सही हुन्छन् भन्ने छैन । यसर्थ आयोगप्रतिको विश्वसनीयतामा वृद्धि गर्न, सतर्क बनाउन र यसलाई भ्रष्टाचारी बन्नबाट रोक्न यसबाट गरिने निर्णयमा अपिल गर्न सकिने व्यवस्था ऐनमा हुनुपर्दछ । विभिन्न क्षेत्रका नियमनकर्ताहरू जस्तैः नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, बिमा समिति आदिहरूले आफू मातहतका व्यवसायिक गतिविधि निरीक्षण, सुपरीवेक्षण र नियमित कार्य गर्दै आएका छन्। यदि प्रतिस्पर्धा आयोग र यी नियमनकर्ताहरूको अधिकार क्षेत्र स्पष्ट रुपमा किटान गरिएन भने आयोगले आफ्नो अधिकांश समय यी निकायहरूसँगको द्वन्द्व व्यवस्थापनमा खर्च गर्नुपर्ने हुँदा आयोगले यस्ता नियमन निकायसँग समन्वयात्मक ढङ्गले काम गर्नसक्ने प्रावधान ऐनमा स्पष्टसँग राखिनु जरूरी छ।

गैर-प्रतिस्पर्धात्मक गतिविधिमा संलग्न भएका व्यापारी र व्यवसायीलाई कारवाई गर्न प्रतिस्पर्धा आयोगले मात्र अनुसन्धान गरेर पार लाग्न सक्दैन। यसका लागि उपभोक्ता संगठन वा व्यापारीजस्ता पीडित पक्षले समेत प्रतिस्पर्धा आयोगमा उजुरी गर्नसक्ने व्यवस्था कानूनमै गरिनुपर्छ। यसो हुँदा आयोगले अनुसन्धान, वकालत, शिक्षा एवं जनचेतनाका अवसरहरु सिर्जना गर्ने कार्यमा बढी समय दिनसक्ने र प्रतिस्पर्धा कानून कार्यान्वयनका अहम् पक्षहरूमा ठोस भूमिका खेल्नसक्ने देखिन्छ। प्रतिस्पर्धा आयोगले गर्ने कार्यहरू विशेषगरी शिक्षा, जनचेतना अभिवृद्धि एवं वकालतमा सबै सरोकारवालाको भूमिकालाई स्वीकार गरी ऐन तर्जुमा गरेको खण्डमा प्रभावकारीरुपमा यसको कार्यान्वयन हुनसक्ने बलियो सम्भावना देखिन्छ। विगतमा बनेका डेढ दर्जनभन्दा बढी कानूनहरू सरोकारवालासँगको अन्तर्क्रियाबिना तर्जुमा गरिएकाले ती कागजीरुपमा सीमित हुन पुगेका छन् । त्यसैले, प्रतिस्पर्धा कानूनको निर्माणको प्रक्रियामा सरकारले सबै सरोकारवालाको विचार लाई यथोचित् स्थान दिँदै परम्परागत सोचबाहेक केही नौलो र नवीन प्रयास समेत अपनाई कानून निर्माण गर्नु नै आजको आवश्यकता हो।

**जबसम्म कुनै निकाय राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त हुन सक्दैन, तबसम्म त्यो निकायले प्रभावकारीरूपमा काम गर्न सक्दैन**

लेखक सावतीका कार्यकारी निर्देशक हुनुहुन्छ

# प्रतिस्पर्धा कानून: एक विवेचना

नेपाल हालै विश्व व्यापार संगठन (डब्ल्यूटीओ) को १४७ औं सदस्य बनेको छ। सदस्यताको क्रममा नेपालले राष्ट्रियस्तरमा एक प्रतिस्पर्धा कानून निर्माण गर्ने डब्ल्यूटीओसँग प्रतिबद्धता गरेको छ । साथै देशभित्र पनि स्वच्छ प्रतिस्पर्धा कायम गराउन श्री ५ को सरकारले हालै प्रतिस्पर्धा ऐनको मस्यौदा छलफलको लागि जनसमक्ष ल्याएको छ। आज सरोकारवालाहरू सो ऐनको संरचनाको क्रममा अपनाइएका प्रक्रिया र विषयवस्तुलाई लिएर ज्यादै उत्सुक र संवेदनशील छन्। त्यसैले यहाँ प्रस्तावित ऐनको मस्यौदाका केही प्रमुख सकारात्मक र नकारात्मक पक्षहरुमा प्रकाश पारिएको छ।

विशेषता: यस मस्यौदाको प्रस्तावनामा उपभोक्ता तथा उद्योग वाणिज्यसँग सम्बन्धित क्षेत्रहरुको समानरूपमा संरक्षण गर्नुपर्ने कुरा उल्लेखित छ। 'राष्ट्रिय अर्थतन्त्रमा उपलब्ध स्रोत र साधनलाई सीमित वर्गमा केन्द्रित हुन नदिई त्यसको विवेकपूर्ण व्यवस्थापन र बाँडफाँड गरी त्यसलाई स्वतन्त्र र आत्मनिर्भर बनाई सामाजिक दक्षतालाई प्रबर्द्धन गर्ने उद्धेश्यले यो ऐन जारी गरिएको' कुरा उल्लेख भएबाट यसले नेपाल अधिराज्यको संविधान, २०४७ को निर्देशक सिद्धान्तले आत्मसात् गरेको नीतिलाई अंगिकार गरेको पाइन्छ।

यो मस्यौदाको सबैभन्दा सबल पक्षमा स्वच्छ प्रतिस्पर्धा प्रबर्द्धनको लागि एउटा स्वतन्त्र आयोगको गठन हो । यसमा प्रतिस्पर्धासँग सरोकार राख्ने सबै प्रकारका कानून तथा नीतिगत निर्णयहरु गरिंदा सरकारले आयोगको सुझाव लिनुपर्ने बाध्यात्मक व्यवस्था गरिएकोबाट यसलाई प्रतिस्पर्धासँग सरोकार विषयको आधिकारिक निकायको रूपमा स्वीकारेको छ। आयोगलाई आर्थिकरूपमा सरकारप्रति मात्र निर्भर रहनु नपरोस् भन्ने हेतुले अन्य वैकल्पिक स्रोत जुटाउन सक्ने अधिकारको प्रावधान पनि मस्यौदामा परेको छ। मस्यौदाले बजारमा ४० प्रतिशतभन्दा बढी हिस्सा रहेको व्यापारिक प्रतिष्ठानलाई प्रभुत्वशाली हैसियत भएको मानी त्यस्तो प्रतिष्ठानले आफ्नो हैसियतको दुरुपयोग गर्न नहुने व्यवस्थाको साथै कुनै पनि प्रकारको विलय र प्राप्ति गरिनु अघि सो को सूचना यस ऐनबमोजिम गठन हुने प्रतिस्पर्धा आयोगलाई गराउन पर्ने प्रावधान छ। यो मस्यौदाले नेपालमा वा बाहिर बसेर कुनै वस्तु वा सेवाको सम्बन्धमा कारोबार गर्ने व्यक्ति वा व्यापारिक प्रतिष्ठान वा संगठनले (चाहे त्यो कानूनी होस् वा प्राकृतिक) गरेको कुनैपनि क्रियाकलाप, जसबाट नेपालको बजारमा गैर-प्रतिस्पर्धात्मक वातावरण सिर्जना हुन्छ भने त्यसलाई ऐनको परिधिभित्र पारेको छ। यसबाट श्री ५ को सरकारको स्वामित्वमा रहेका वा सार्वजनिक प्रकृतिका संस्थाहरू समेत यस ऐनको मस्यौदाको दायरा भित्र पर्ने देखिन्छ।

**यो ऐनको सबैभन्दा सबल पक्षमा स्वच्छ प्रतिस्पर्धा प्रबर्द्धनको लागि एउटा स्वतन्त्र आयोगको गठन हो. जसलाई यो ऐनको उद्धेश्य प्राप्तिको लागि तथा ऐन विपरित हुने सबै किसिमको कार्यहरूको अनुसन्धान लगायतका दण्ड जरीवाना गर्ने र पीडित पक्षलाई क्षतिपूर्ति दिलाउने अधिकार समेत प्रदान गरिएको छ ।**



यो मस्यौदाले आयोगलाई अनुसन्धान गर्ने, दण्ड जरीवाना गर्ने र पीडित पक्षलाई क्षतिपूर्ति दिलाउने अधिकार समेत प्रदान गरेको छ । आयोगलाई आफ्नो कार्यसम्पादनका सिलसिलामा सहयोग गर्ने कुनै पनि व्यक्ति वा व्यापारिक प्रतिष्ठानलाई उसले पाउने सजायँ मिनाहा गर्नसक्ने प्रावधान राखी व्यापारिक गठबन्धनबाट अलग हुन प्रोत्साहित गर्ने सवालमा समेत मस्यौदाले दृष्टि पुऱ्याएको छ । यसको साथै यो ऐनअन्तर्गत चल्ने मुद्दामा प्रमाणको भार अभियुक्तमाथि रहने व्यवस्था गरेबाट ऐनको बर्खिलाप हुने काम कारबाही गर्नु अगाडि विशेष सतर्कता अपनाइने हुँदा गैरकानूनी व्यापारिक क्रियाकलापहरू घट्ने सम्भावना रहने देखिन्छ।

आयोगलाई बढी स्वायत्त बनाउन खोज्दा एवं विशेषाधिकार प्रदान गर्दा यो स्वेच्छाचारी र निरंकुश बन्न सक्ने सम्भावनालाई पनि मस्यौदाले मध्यनजर गरी यसले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षलाई पुनरावेदन अदालतमा अपिल गर्नसक्ने अधिकार प्रदान गरेको छ। यस्तो प्रावधानले आयोगले निर्णय गर्दा सतर्क भई न्यायिक मनको प्रयोग गर्ने र स्वेच्छाचारी बन्ने सम्भावना कम हुन जाने देखिन्छ । यो ऐनको मस्यौदाले डब्ल्यूटीओ अन्तर्गतको बौद्धिक सम्पदा अधिकार सम्बन्धी सम्झौताअनुरूप सदस्य राज्यलाई दिएका छुट र लचिलोपनालाई राष्ट्रिय हितमा प्रयोग गर्ने अवसर दिएको छ। यदि कुनै बौद्धिक सम्पदा धारकले आफ्नो अधिकार दुरुपयोग गरी उपभोक्ताको अहित वा प्रतिस्पर्धामा आघात पुऱ्याउने काम गरेमा आयोगले बाध्यात्मक अनुज्ञा वा समानान्तर आयात गर्ने व्यवस्था मिलाउन श्री ५ को सरकारको सम्बन्धित निकायलाई सिफारिश गर्न सक्ने जस्तो सराहनीय व्यवस्था समेत मस्यौदामा समावेश गरिएको छ।

सबै क्षेत्रहरुलाई प्रतिस्पर्धाको परिधिभित्र ल्याउँदा राष्ट्रका उद्योगहरु धरासायी हुनसक्ने सम्भावना भएकाले देशका केही क्षेत्रलाई निश्चित अवधिका लागि प्रतिस्पर्धा कानूनको दायराभन्दा बाहिर राखिनुपर्दछ भन्ने मान्यताका साथ तोकिएका अवस्थाहरुमा कुनै व्यक्ति वा संस्था वा व्यापारिक प्रतिष्ठानले उत्पादन गर्ने वस्तु वा सेवाहरूलाई आयोगको सिफारिशमा राजपत्रमा सूचना प्रकाशित गरी ऐनको कुनै व्यवस्था लागू नहुने गरी छुट दिनसक्ने प्रावधान राखिएको छ।

कमी-कमजोरी र सुझावहरू: यो ऐनअन्तर्गत श्री ५ को सरकारद्वारा गठित प्रतिस्पर्धा आयोग कुन निकायप्रति उत्तरदायी रहने भन्ने कुरामा मस्यौदा मौन रहेको छ । आयोग श्री ५ को सरकारप्रति नै उत्तरदायी हुने भन्ने आशय यदि हो भने यसले आयोगको स्वतन्त्रतामा शंका उत्पन्न गराउने देखिन्छ। यसर्थ, आयोगलाई स्वतन्त्र तथा राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त गर्न यसलाई अर्ध-न्यायिक अधिकार प्रदान गर्ने र संसदको कुनै समितिप्रति उत्तरदायी बनाउनुपर्ने आवश्यकता छ। त्यस्तै आयोगका अध्यक्ष र सदस्यको पदावधि ४ वर्षको हुनेछ र पुन: नियुक्ति हुनसक्ने प्रावधानबाट एउटै व्यक्ति धेरै वर्षसम्म पदमा रहने र जसले निरंकुशता तथा पदलोलुप्तालाई प्रोत्साहित गर्ने सम्भावना हुन्छ । यसर्थ यिनको पदावधि विशेष परिस्थितिमा मात्र २ वर्ष थप्नु जायज देखिन्छ । मस्यौदामा यस ऐनअन्तर्गतका मुद्दाहरू संक्षिप्त कार्यविधि ऐन, २०२८ अनुसार हुने भनिए पनि प्रतिस्पर्धासँग सम्बन्धित मुद्दाहरु फौजदारी र देवानी दुवै प्रकृतिका हुनसक्ने हुँदा यसको उजुरीको अधिकार कसलाई तथा अनुसन्धान र कारवाहीको प्रक्रिया कस्तो हुने भन्ने कुरामा मस्यौदाले दृष्टि पुऱ्याएको छैन । यसको साथै आयोग र नेपालमा रहेका विभिन्न क्षेत्रका नियन्त्रणकारी निकायहरूको अधिकार क्षेत्र, अनुसन्धान र दण्ड सजाय गर्नसक्ने अधिकार र त्यसको प्रक्रिया, पीडित पक्षलाई हुनजाने क्षतिपूर्तिको सम्बन्धमा पनि मस्यौदाले स्पष्ट पार्न सकेको छैन। आयोगले गरेका अध्ययन र अनुसन्धानबाट प्राप्त भएका जानकारीलाई व्यापारिक गोपनीयता हनन् नहुने व्यवस्थाको सुनिश्चितता ऐनमा स्पष्टरूपमा उल्लेख गरिनुको साथै कतिपय विवादहरू उपभोक्ता संरक्षण र प्रतिस्पर्धा दुवै विषयसँग सम्बन्धित हुने हुँदा उपभोक्ता संरक्षण ऐन र स्वच्छ प्रतिस्पर्धा ऐनको कार्यान्वयन एउटै आयोगबाट गरिने व्यवस्था गरिए काम नदोहरिनुका साथै सजिलोसमेत हुने देखिन्छ।

# प्रतिस्पर्धा शिक्षण तथा जागरण कार्यक्रम

विश्व व्यापार संगठन (डब्ल्यूटीओ) को सदस्यतासँगै स्वदेशी तथा विदेशी उत्पादनबीच भेदभाव नगर्न र व्यापारिक अवरोधहरू सिर्जना नगर्न नेपाल बाध्य भएको छ । बहुराष्ट्रिय कम्पनीहरूको आर्थिक क्षमता तथा बजार पहुँच स्वाभाविकरुपमा स्थानीय उत्पादनभन्दा बढी भएकाले तिनीहरूले विभिन्न किसिमका गैर-प्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलापहरूका माध्यमबाट नेपाली वस्तुलाई सजिलै विस्थापित गरी आफ्नो बजार शक्ति कायम गर्न सक्छन्। यस्तो प्रवृत्ति उपभोक्ता हितका दृष्टिले मात्र नभई, स्वदेशी उत्पादनशील क्षेत्रको दीर्घकालिन स्थायित्वका लागि समेत खतरापूर्ण हुने हुँदा यसको नियन्त्रणका लागि प्रतिस्पर्धा नीति तथा कानूनको प्रभावकारी कार्यान्वयनको साथै सम्बन्धित सरोकारवालाहरूमा प्रतिस्पर्धा संस्कारको विकास गर्नु अत्यावश्यक हुन्छ । जुन देशमा प्रतिस्पर्धा नीति, कानून तथा संस्कार छैनन्, त्यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारिक गठबन्धन सिर्जना भई स्वदेशी उद्योग तथा उपभोक्ता प्रभावित भएका कैयौं उदाहरणहरू पाइन्छन् ।

नेपालमा एकातर्फ उचित र प्रभावकारी प्रतिस्पर्धा नीति तथा कानूनको अभाव छ भने अर्कोतर्फ अद्यपि, सरोकारवालाहरूमा प्रतिस्पर्धा संस्कारको विकास हुन सकेको छैन । यसर्थ, जबसम्म नागरिक समाज, उपभोक्ता, उद्योग-व्यवसायी, सञ्चारकर्मी, सरकारी कर्मचारीलगायत सम्वन्धित सरोकारवालाको पर्याप्त सहयोग र समझदारी हुदैन तबसम्म कुनै पनि नीति तथा कानूनको सफल कार्यान्वयन हुन सक्दैन । नेपालको यही वस्तुस्थिति तथा समस्यालाई ध्यानमा राखेर सावतीले बेलायती अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) को सहयोगमा तीन वर्षीय 'प्रतिस्पर्धा शिक्षण तथा जागरण कार्यक्रम' को शुरुआत गरेको छ। यस कार्यक्रमका प्रमुख उद्देश्यहरू निम्न बमोजिम रहेका छन्:

- सम्बन्धित सरोकारवालाहरूमा प्रतिस्पर्धा संस्कारको विकास गर्ने,
- प्रतिस्पर्धा मैत्री नीति तथा कानून तर्जुमा र कार्यान्वयनका लागि उपयुक्त वातावरण सिर्जना गर्ने,
- प्रतिस्पर्धा नीति तथा कानूनको तर्जुमा र कार्यान्वयनमा सरोकार-वालाहरूको सहभागितालाई सुनिश्चित गर्ने,
- गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरू प्रति चनाखो भई त्यसको नियन्त्रणका लागि जुध्न सक्ने क्षमताको विकास सरोकारवालामा गराउने ।

उपरोक्त उद्देश्य प्राप्तिको लागि यस कार्यक्रमको अवधिमा निम्न कार्यहरू गरिनेछन् :

- सम्बन्धित सरोकारवालाहरूलाई प्रतिस्पर्धा मुद्दामा जागरुक बनाउन विभिन्न किसिमका चेतनामुलक कार्यक्रमहरूको आयोजना गर्ने ।
- नेपालमा प्रतिस्पर्धा नीति तथा कानूनको अवस्था तथा प्रतिस्पर्धा सम्बन्धमा अन्य मुलुकमा भएका 'उत्कृष्ट अभ्यासहरू' को अध्ययन गरी अनुसन्धानमूलक दस्तावेजहरू तयार पार्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा भइरहेका गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरू र असल प्रचलनहरू सम्बन्धमा जानकारीपत्र प्रकाशित गर्ने ।
- संक्षेपपत्रहरूको प्रकाशन तथा विद्युतीय जानकारीपत्रहरू प्रवाह गर्ने
- प्रतिस्पर्धासम्बन्धी वेबसाइट तथा सिडीरोम बनाउने ।
- देशका विभिन्न भागहरूमा सरोकारवालाहरूको राष्ट्रिय सञ्जाल निर्माण गरी उनीहरूको माध्यमबाट प्रतिस्पर्धा संस्कारको विकास तथा नीति र कानूनको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने ।

## प्रतिस्पर्धा नीति तथा कानून: किन र कसका लागि ?



प्रतिस्पर्धा शिक्षण तथा जागरण कार्यक्रमअन्तर्गत सावतीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा नेपाल उद्योग वाणिज्य महासंघसँगको साझेदारीमा हालै विराटनगर र पोखरामा 'प्रतिस्पर्धा नीति तथा कानून : किन र कसका लागि ?' विषयक दुई दिने गोष्ठी आयोजना गऱ्यो । पूर्वी नेपालको विराटनगरमा २०६० साल फागुन ८ र ९ गते तथा पश्चिमको पोखरामा २०६१ साल वैशाख ९ र १० गते आयोजित गोष्ठीमा प्रतिस्पर्धा कानूनको मस्यौदालाई सम्बन्धित सरोकारवालाहरू माझ अन्तर्क्रियामा ल्याइएको थियो । सावती अन्तर्गत सञ्चालित प्रतिस्पर्धा शिक्षण तथा जागरण कार्यक्रमको उद्देश्य र प्रतिस्पर्धा ऐनले ओगट्ने क्षेत्र एक-अर्कासँग सामञ्जस्य रहेकाले मन्त्रालय, उद्योग वाणिज्य संघ र सावती बीच सहकार्य भएको हो । कार्यशालामा सहभागीहरूले नेपालको सन्दर्भमा प्रतिस्पर्धा नीति तथा कानूनसँग सम्बन्धित विभिन्न पक्षहरूमाथि छलफल गरेका थिए। दुईवटा प्रमुख औद्योगिक तथा व्यापारिक शहरमा भएका यी कार्यशालाहरूको मुख्य उद्देश्य सरकारले तयार पारेको स्वच्छ प्रतिस्पर्धा कानूनको मस्यौदामाथि छलफल गरी सुझाव संकलन गर्नुको साथै सम्बन्धित सरोकार-वालाहरूलाई प्रतिस्पर्धा संस्कारको महत्त्वताको बारेमा अवगत गराउनु थियो। कार्यशालामा सहभागीहरूले सरकारी एकाधिकार भन्दा निजी क्षेत्रको एकाधिकार सामाजिक कुशलता र उपभोक्ता हितका लागि बढी हानिकारक भएको धारणा व्यक्त गरेका थिए। बजारमा कुनै पनि किसिमका गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरू हावी हुन नपाओस् भन्नाको लागि भरपर्दो कानूनी संरचनाको विकास र त्यसको प्रभावकारी कार्यान्वयनमा सहभागीहरूले जोड दिएका थिए। प्रतिस्पर्धा कानूनले प्रतिस्पर्धा संस्कार विकास गरी गैर-प्रतिस्पर्धात्मक क्रियाकलापहरू सिर्जना हुन नदिनेतर्फ विशेष प्रावधानहरूको व्यवस्था गर्नुपर्ने सुझाव सहभागीहरूले उक्त गोष्ठीहरूमा दिएका थिए । कानून लादेर भन्दा प्रतिस्पर्धात्मक संस्कारको विकासबाट सिर्जना गरिएको स्वच्छ प्रतिस्पर्धा दीगो रहने ठहर गर्दै सहभागीहरूले यसबाट हाल प्रचलित गैर-प्रतिस्पर्धात्मक पद्दति विस्तारै न्यून हुँदै जाने र बजारमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न ठूलो टेवा पुग्ने विश्वाससमेत व्यक्त गरेका थिए। उपभोक्ता हितका लागि मात्र नभई स्वदेशी उत्पादकहरूको दीगो स्थायित्व र बहुराष्ट्रिय कम्पनीसँगको स्वच्छ प्रतिस्पर्धाका लागि समेत यो कानून उत्तिकै आवश्यक भएको निष्कर्ष दुबै गोष्ठीले दिएको थियो। सहभागीहरूले कानून बढी महत्वाकांक्षी हुनुभन्दा व्यवहारिक, यथार्थपरक र कार्यान्वयनमुखी हुनुपर्ने सुझाव पनि दिएका थिए ।

# एउटाको नाममा अर्को सिलिन्डर

सुदीप श्रेष्ठ




**ग्यास डिलरहरू सकभर जुन कम्पनीबाट बढी कमिसन आउँछ, त्यसैको उत्पादन बेच्न खोज्छन् । बढी कमिसनको चक्करमा उनीहरू उपभोक्ताले थाहा नपाउनेगरी झुक्याएर सिलिन्डर बदलिदिन्छन् ।**

स्टोभमा दम दिन छोडेर ग्यास चुल्होतिर हाम्फालेदेखि नै मेरो परिवार 'नेपाल ग्यास' को नियमित उपभोक्ता हो । शुरुमा एउटा सिलिन्डर थियो, कुनबेला भारतले ग्यास रोकिदिने हो पत्तो नभएर हिजोआज दुईवटा छन् । दुवै नेपाल ग्यासका भन्थे, तर ४/५ वर्षको अन्तरालमा हामीकहाँ आइरहने सिलिन्डर कतिखेर 'नोबल ग्यास' का भइसकेछन्, पत्तै भएन । धन्न, अस्ति के सनक चढेर हो कुन्नि, ग्यास सिलिन्डर ओल्टाइपल्टाइ हेर्ने रहर जाग्यो । पुछारतिर सानो अक्षरले 'नोबल ग्यास' कुँदिएको देखेपछि पो यो 'बबुरो' लाई थाहा भो । त्यसै पनि पत्रपत्र धूलो टाँस्सिएका र सारा लेबल उप्किसकेका सिलिन्डरमा झट्ट हेर्दा कुन कम्पनीको हो खुट्टयाउन गाह्रै पर्छ । त्यसमाथि कम्पनीको नाउँ पो बेग्लाबेग्लै, सिलिन्डर त सबैका उस्तै देखिन्छन् ।

घरमा एक्लै मुर्मुरिएर के गर्नु ? त्यसैले, ग्यास डिलरलाई सिलिन्डर परिवर्तनको रामकहानी सुनाउन गएँ । रामकहानी सिद्धिएकै थिएन, त्यहाँ त महाभारत सुरु भइहाल्यो । 'कहाँ हुन्छ, तपाईले सधैं लैजाने नोबल ग्यासै हो', साहुजी कुर्लिए । मैले पनि जोस्सिएर भनें, 'सधैं लैजाने के हो मलाई थाहा छैन, म ग्राहक बनेको नेपाल ग्यासको हो, तपाईले कतिखेर सिलिन्डर 'चेन्ज' गर्नुभो, तपाईलाई नै थाहा होला ।' झुक्किएर साट्टिएको भए पो साहुजी खुरुक्क माफी माग्दै आफनो गल्ती सुधार्नतिर लाग्थे, जानाजान साटेपछि उनी पनि किन टसमस होऊन् । लामै कसरत गर्नुपर्‍यो मैले । अन्तमा नेपाल ग्यासमा उजुरी गर्न जाने धम्की दिएपछि मात्र उनको घैटोमा घाम लाग्यो । साहुजी पुरानै सिलिन्डर दिन राजी भए ।

के तपाई पनि यस्तो घटनाबाट पीडित हुनुहुन्छ ? ग्यास बजारमा एकदमै सामान्य बनिसकेको यस्तो प्रवृत्तिले उपभोक्ता ठगिने मात्र होइन, सम्बन्धित कम्पनीसमेत प्रभावित भइरहेका छन् । बजारमा प्रचलित गैर-प्रतिस्पर्धात्मक व्यापारिक क्रियाकलाप भन्दा हुन्छ यसलाई । ग्यास डिलरहरू सकभर जुन कम्पनीबाट बढी कमिसन आँउछ, त्यसैको उत्पादन बेच्न खोज्छन् । बढी कमिसनको चक्करमा उनीहरू उपभोक्ताले थाहा नपाउने गरी झुक्याएर सिलिन्डर बदलिदिन्छन् । सबै सिलिन्डर उस्तै देखिने हुँदा हम्मेसी थाहा पाइदैन । यसैको फाइदा उठाइरहेका छन् डिलरहरूले । शुरूमा खासगरी स-साना कम्पनीका सिलिन्डरको बजार विस्तारका लागि यो तिकडम लगाउने गरिन्छ । कम्पनीले आफ्नो बजार फैलाउन डिलरलाई बढी कमिसन दिन्छन् र दुवैको मिलोमतोमा उपभोक्ता झुक्याउने र प्रतिस्पर्धी कम्पनीको बजार बिगार्ने काम सँगसँगै हुन्छ । यस्तोमा पुराना सिलिन्डर जतिलाई भूमिगत पारिन्छ । जब बजारमा ग्यास अभाव हुनथाल्छ, तब ती भूमिगत सिलिन्डर सबै कम्पनीको ढोका अघिल्तिर खुरुक्क लाममा आइपुग्छन् । अभावका बेला नेपाल ग्यासको ढोका अगाडि मारामार हुने त्यसैले हो । नियमित खपत हुनेभन्दा दोब्बर ग्यास वितरण गर्दा पनि बजारको अभाव पूर्ति हुँदैन ।

यस्तै अस्वस्थ प्रतिस्पर्धा नहोस् भनी सरकारले दुईवटा कम्पनीको ग्यास डिलर हुन रोक लगाएको छ । तर, कुनचाहिँ डिलरले यसको पालना गरेका छन् ? अधिकांश पसलमा तपाई ४/५ थरीका ग्यास पाउन सक्नुहुन्छ । खुलेआम भइरहेको यस किसिमको अवाञ्छित व्यापारिक क्रियाकलापहरूलाई सरकारले देखे-नदेखेझैं गरिरहेको छ । यो समस्या सुल्झाउन पटकपटक वाणिज्य विभागमा बैठक डाकिन्छ, निर्णय हुन्छ । परिपत्र बोकेर कम्पनीका मालिक, डिलर व्यवसायीहरू आ-आफ्ना घर फर्कन्छन् । भोलिदेखि फेरि जस्ताको त्यस्तै ।

ग्यास सिलिन्डरको यो समस्या केही हदसम्म बियर व्यवसायमा पनि प्रचलित छ । बियरका बोतलहरूमा धेरैपटक बाहिर लेबल अर्कै कम्पनीको र बोतलमा नाम अर्कै कम्पनीको भेटिएका छन् । शिशाका यी बोतल तेस्रो मुलुकबाट झिकाउनुपर्ने हुँदा कतिले कबाडीहरूसँग पुराना बोतल किनेर पनि काम चलाइरहेका छन् । यसले गर्दा एउटा कम्पनी सधैं विदेशबाट बोतल ल्याएको ल्यायै हुन्छ भने अर्को कम्पनी त्यसको भरपूर फाइदा उठाइरहन्छ । यो विषयमा उद्योग विभागमा पटकपटक छलफल भइसके पनि समस्या सुल्झिन सकेको छैन । तर, बोतल जुन कम्पनीको भए पनि भित्र बियर तपाई-हामीले खोजेकै कम्पनीको पाइने हुँदा उपभोक्ताको दृष्टिबाट यो मुद्दा ठूलो भएन । तर, एउटा कम्पनीले अस्वस्थरुपमा अर्को कम्पनीको खुट्टा तान्न खोज्नु पनि त आफैंमा अपराधै हो, होइन र ?

जहाँसम्म ग्यास सिलिन्डरको कुरा छ, अधिकांश गृहिणीले भोगेको अर्को समस्या हो कम तौलको । एलपी ग्यास उद्योगले प्रतिसिलिन्डर १४ दशमलव २ किलोग्राम ग्यास भर्नुपर्नेमा त्योभन्दा कम हाल्ने गरेको पनि पाइएको छ । यसको प्रमुख कारण हो, खाली सिलिन्डरको तौल । सबै खाली सिलिन्डरको तौल एकनास हुँदैन । तर, उद्योगका कर्मचारी तौल एउटै मानेर ग्यास भर्ने गर्छन् । यसले गर्दा बढी तौल भएको सिलिन्डरमा ग्यासको परिमाण कम हुन्छ । कतिपय उद्योगमा त नापतौल यन्त्रसमेत बिग्रेका छन् । यसमा उद्योगको लापरबाही प्रष्टै देखिन्छ । ग्यास भर्ने कुनै पनि उद्योगसँग स्वचालित नापतौल यन्त्र नहुनु समस्याको अर्को कारण हो । नेपाल गुणस्तर तथा नापतौल विभागको ध्यान भने यसमा पुग्न सकेको छैन ।

कतै तपाईको घरमा पनि कम समयमै ग्यास सिलिन्डर खाली हुने गरेको त छैन वा, सिलिन्डरको ब्राण्ड नै पो फेरिएको छ कि ? हेर्नुस् त हेर्नुस् ।

*लेखक कान्तिपुर दैनिकका उपभोक्ता अदालतका स्तम्भकार हुनुहुन्छ ।*

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोमेन्ट (सावती) को स्थापना डिसेम्बर १९९४ मा दक्षिण एशियाका गैर-सरकारी संस्थाहरुको संयुक्त प्रयासबाट भएको हो । सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठन (डब्ल्यूटीओ) सँग सम्बन्धित विषयवस्तुहरुमा वकालत गर्नका लागि सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले खडा भएको सञ्जाल हो । हाल दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाहरु सदस्य रहेको सावतीले प्रतिस्पर्धा नीति तथा कानूनका विषयमा समेत वकालत गर्दै आएको छ ।

यो समाचारपत्र प्रतिस्पर्धा शिक्षण तथा जागरण कार्यक्रमअन्तर्गत सावतीद्वारा प्रकाशित गरिएको हो । सहयोगः बेलायती अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआइडी), सल्लाहकारः रत्नाकर अधिकारी, कमलेश अधिकारी, सम्पादकः ध्रुवेशचन्द्र रेग्मी, सह-सम्पादकः निलु थापा, डिजाइनः वाटर कम्यूनिकेसन प्रेसः मोडर्न प्रिन्टिङ्ग प्रेस ।
यस समाचारपत्रमा प्रकाशित लेखहरूका विचार तथा मान्यता लेखककै हुन् । सावती वा यसका सञ्जाल सदस्यका होइनन् ।

सम्पर्कः सावती, पो.ब.नं. १९३६६, २५४ लमटङ्गीन मार्ग, बालुवाटार, काठमाडौं, फो.न.: ४४१५८२४, ४४४४४३८, फ्याक्सः ४४४४५७०, ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org